# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. ०८**

### निवेदक/वादीको नाम, थर, ठेगाना

रविध्वज बस्नेतको नाति नीलबहादुर बस्नेतको छोरा ओखलढुङ्गा भूसिंगा गा.वि.स. वडा नं. ५ को परिवर्तित खिचिदेम्वा गाउँपालिका वडा नं. ८ घर भई हाल काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. ६ बस्ने वर्ष ५२ को धनबहादुर बस्नेत ..............................१

### विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना

रामकृष्ण लामिछानेकी छोरी होमनाथ गिरीकी श्रीमती, काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १२ गैरीगाउँ बस्ने बर्ष ४१ की कल्पना लामिछाने गिरी .......१

जय बहादुर गिरीको नाति नारायण गिरीको छोरा सिन्धुपाल्चोक जिल्ला साविक ईर्खु गा.वि.स. वडा नं. ८ को परिवर्तित चोतारा सागागढीचोक नगरपालिका वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १२ गैरीगाउँ बस्ने वर्ष ३९ को भक्त बहादुर गिरी ........................................................१

भक्त बहादुर गिरीको श्रीमती, काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १२ गैरीगाउँ बस्ने बर्ष ३५ की सीता गोदार ........................................................१

नारायण गिरीको नाति, होमनाथ गिरीको छोरा, काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १२ गैरीगाउँ बस्ने वर्ष २१ को कल्याण गिरी ....................................१

### वादीको साक्षी

क) काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ धुम्वराही बस्ने वर्ष ३४ को विक्रम वोहोरा ...१

ख) काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. ६ बस्ने वर्ष ३७ को घनश्याम बस्नेत ...............१

### प्रतिवादीको साक्षी

क) ..................................................

## कागज प्रमाण

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ....१

ख) घर जग्गाधनी पुर्जाको प्रतिलिपी ................१

ग) मालपोत रसिदको प्रतिलिपी ........................१

घ) घर किन्दाको करारनामाको प्रतिलिपी ............१

ङ) रकम भुक्तानीको प्रतिलिपी ........................१

च) मन्जुरीनामाको प्रतिलिपी ..........................१

## कागज प्रमाण

क) ..........................................................................

न्यायिक समितिबाट बुझ्नेको साक्षी ..............................................................................

**प्रमाणहरू :**

क) नेपाली नागरिकता प्रमाण पत्र सक्कलप्रति ..................................................१

ख) घर जग्गाधनी पुर्जाको सक्कलप्रति ..........................................................१

ग) मालपोत रसिदको सक्कलप्रति ....................................................................१

घ) घर किन्दाको करारनामाको सक्कलप्रति ....................................................१

ङ) रकम भुक्तानीको सक्कलप्रति ....................................................................१

च) मन्जुरीनामाको सक्कलप्रति ........................................................................१

## मुद्दाः घर कोठा खाली गराई पाउँ।

मु.नं. : ०८०-०१-००२

दर्ता मिति : २०८०/०४/२८

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. मैले घर जग्गा खरिद गरेका व्यक्तिहरू होमनाथ गिरीका क्रमशः कान्छी श्रीमति, भाई, भाई बुहारी र छोरा नाताका व्यक्ति हुनुहुन्छ। मैले मिति २०७९/१०/२९ गते तत्कालीन घरधनी होमनाथ गिरीबाट काठमाडौं जिल्ला, साविक बलम्बु गा.वि.स. वडा नं. ८/क कित्ता नं. २७४ को क्षेत्रफल ०-४-०-० (चार आना) घर जग्गा खरिद गरेको मिति देखि मैले मेरो घर जग्गा विपक्षी समेतले खाली नगरिदिएकोले भोगचलन गर्न पाएको छैन । हालसम्मको घरभाडा समेत विपक्षीहरूले बुझाएका छैनन् । मैले घर विक्रि गरिदिने घर जग्गाधनीको पनि मृत्यु भईसकेको छ । विपक्षी समेतले मेरो स्वामित्वमा आईसकेको घरजग्गालाई बदनियतपूर्ण ढङ्गले कब्जामा लिई बसी आईरहेका छन्। मैले सो घर जग्गा ऋण लिएर खरिद गरेकोले अहिले साँवा व्याज तिर्न बुझाउन सकिरहेको छैन । विपक्षीहरू आफैं साक्षी बसी विक्रि गरेको घरजग्गा खाली गर्नुपर्ने कानुनी दायित्व पुरा गर्नुको साटो अटेर गरी कानुनी र नैतिक दायित्वको सिमा उल्लङ्घन गरी घर भाडा समेत नदिई बलमिच्याई पूर्वक मेरो स्वामित्वको घरजग्गामा बसेकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१) को

(ज) बमोजिम विपक्षीहरूलाई तत्काल घर कोठाबाट खाली गराई न्याय निसाफ पाउँ भन्ने व्यहोराको वादी धनबहादुर बस्नेतको मागदावी रहेको छ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

(क) निज प्रतिवादीले मिति २०८०/०४/३० गते प्रतिवादी कल्पना लामिछाने गरी -१, भक्त बहादुर गरी -१, सीता गोदार -१ र कल्याण गरी -१ गरी जना चारको नाउँमा जारी भएको १५ (पन्द्र) दिने म्याद विपक्षी मध्येका कल्पना लामिछाने गरी आफैंले आफ्नो नाउँको म्याद बुझि निजको नाता भित्रका अरु तीन जनाको समेत गिरी जम्मा चार जनाको म्याद मिति २०८०/०४/३० गते सोही दिन बसोवास गरीरहेको घरको आगनमा उपस्ति भई १५ (पन्द्र) दिने म्याद बुझि कानुन बमोजिमको प्रक्रियामा नै नआई प्रतिउत्तर दर्ता गर्ने म्याद समेत गुजारी सो गुज्रेको म्याद थाम्ने थमाउने समय समेत गुजारी बसेको देखिन्छ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

नेपाली नागरिकता प्रमाण पत्रको साथै मिति २०७९/१०/२९ गते मालपोत कार्यालय, कलंकीबाट वादी धन बहादुर बस्नेतले राजिनामाको लिखत पारित गरी जग्गाधनी पुर्जाले देखिन्छ भने सो घरजग्गाको मालपोत रसिद, रकम भुक्तानीको रसिदका साथै मन्जुरीनामाको कागजले समेत सो घरजग्गा वादीको नाउँमा एकलौटी रहेको देखिन्छ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीका तर्फबाट बहस गर्ने अधिवक्ता बाबुराम तिमिल्सिनाले मिति २०७९/१०/२९ गते राज्यलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर बुझाई मालपोल कार्यालय, कलंकीमा रजिष्ट्रेशन पारित गरी एकलौटी दर्ता श्रेस्ता प्रमाणीत रहेको साल सालै तिरो समेत तिरिरहेको घर जग्गालाई विपक्षी समेतले मेरो घर जग्गा कब्जा गरी बसेकाले तुरुन्त मेरो घर जग्गाबाट खाली गराई पाउँ भनि राख्नु भएको बहस सुनियो।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

वादी धनबहादुर बस्नेतको नाउँमा रहेको घर कोठा खाली गराउने, नगराउने।

**निर्णय खण्ड**

नियम बमोजिम दैनिक पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दामा वादीका कानुन व्यवसायी अधिवक्ता बाबुराम तिमिल्सिनाले गर्नु भएको बहस सुनियो। प्रतिवादी समेतको नाउँमा मिति २०८०/०४/३० गते १५ (पन्द्र) दिने म्याद तामेल भएको म्याद गुजारी सो गुज्रेको म्याद थाम्ने थमाउने समय गुजारी बसेको देखिन्छ। मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा वादी दावी बमोजिम वादीको घर कोठाबाट प्रतिवादी समेतलाई खाली गराई दिनु पर्ने हो होईन भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखियो।

निर्णय तर्फ विचार गर्दा मिति २०७९/१०/२९ गते काठमाडौँ जिल्ला, साविक बलम्बु गा.वि.स. वडा नं. ८/क कित्ता नं. २७४ को क्षेत्रफल ०-४-०-० (चार आना) घरजग्गा मालपोत कार्यालय, कलंकीमा रितपूर्वक रजिष्ट्रेशन पारित गरी लिएको घरजग्गामा पारित गरी लिएको मिति देखि हाल सम्म पनि मैले मेरो घरजग्गा विपक्षी समेत बसी राखेको हुँदा उपभोग गर्न नपाएको हँदा घर कोठा खाली नगरिदिएकोले खाली गराई पाउँ भन्ने फिराद दावी भएकोमा प्रतिवादी कल्पना लामिछाने गरी -१, भक्त बहादुर गरी -१, सीता गोदार -१ र कल्याण गरी -१ समेत गरी जना चारको नाउँमा जारी भएको १५ (पन्द्र) दिने म्याद विपक्षी मध्येका कल्पना लामिछाने गिरी आफैंले आफ्नो नाउँको म्याद बुझि निजको नाता भित्रका अरु तीन जना समेत जम्मा चार जनाको म्याद मिति २०८०/०४/३० गतेको दिन निज प्रतिवादी बसोबास गरीरहेको घरको आगनमा १५ (पन्द्र) दिने म्याद तामेल भई सो वमोजिमको प्रकृयामा नआई म्याद समेत गुजारी कानुनी प्रकृयालाई स्वीकार गरी वसेको देखिन्छ ।

यस प्रकार यी प्रतिवादी समेतले वादीको घरकोठामा बसी आईरहेकोले निज प्रतिवादीहरुको नाउँमा जारी भएको म्याद तामेल भई सो वमोजम प्रतिवादीहरुले म्याद गुजारी बसेको देखिंदा काठमाडौँ जिल्ला, साविक बलम्बु गा.वि.स. वडा नं. ८/क कित्ता नं. २७४ को क्षेत्रफल ०-४-०-० चार आना जग्गामा बनेको घरजग्गा वादी धन बहादुर बस्नेतको नाउँमा रहेकोमा विवाद नरहेको देखिंदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ज) बमोजिम उक्त घर कोठाबाट विपक्षीलाई खाली गराउने निर्णय गरियो ।

## तपसिल खण्ड

(क) माथिको निर्णय खण्डमा उल्लेख भए बमोजिम घर कोठाबाट विपक्षी समेतलाई खाली गर्नको लागि विपक्षीलाई ३५ दिने जानकारी दिनु । ...........................................१

(ख) शान्ती सुरक्षाको लागि महानगरिय प्रहरी परिसर, थानकोटलाई लेखि पठाउनु । .............२

(ग) प्रतिवादीले शुरु म्यादै गुजारी वसेको हुँदा पुनरावेदनको म्याद दिनु परेन । ............ ३

(घ) निर्णयको प्रतिलिपि माग गर्ने सरोकारवालालाई कानूनको रित पुऱ्याई प्रतिलिपि उपलब्ध गराउनु । ...........................................४

(ङ) प्रस्तुत निर्णय विद्युतिय माध्यममा अपलोड गरी निर्णय प्रमाणिकरणं भएको विवरण पालिकाको वेबसाइटमा प्रकाशित गर्नु । ...........................................५

(च) प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु । .............६

न्यायिक समितिका

संयोजक श्री वसन्ती श्रेष्ठ

सदस्य

श्री सीता मण्डल सत्याल

सदस्य

श्री रत्नलाल श्रेष्ठ

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल वतौंला शर्मा

इति सम्वत् मिति २०८० साल असोज महिना १७ गते रोज ०४ शुभम् ..............................